## १. आदिवासी/जनजाति भन्नाले कसलाई बुझ्नाउँछ ?

आदिवासी/जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परा रीतिरिजाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदाय सम्झनु पर्दछ ।

## २. कसलाई आदिवासी/जनजाति भनी पहिचान गरिएको छ ?

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा २ (क) सँग सम्बन्धित अनुसूची बमोजिम निम्न जातजातिलाई समावेश गरिएको छ

| | | | | |
|---|---|---|---|---|
| किसान | कुमाल | कुशवाडिया | कुशुण्डा | गनगाई |
| गुरूङ | चेपाङ | छन्त्याल | छैरोतन | जिरेल |
| झांगड | डोल्पो | ताङवे | ताजपुरिया | तामाङ |
| तीन गाँउले थकाली | तोप्केगोला | थकाली | थामी | थारू |
| थुदाम | दनुवार | दराई | दुरा | धानुक (राजवंशी) |
| धिमाल | नेवार | पहारी | फ्री | वनकारिया |
| बरामो | बाह्र गाउले | बोटे | भुजेल | भोटे |
| मगर | माझी | मार्फाली थकाली | मुगाली | मेचे (वोडो) |
| याक्खा | राई | राउटे | राजवंशी (कोच) | राझी |
| लार्के | लिम्बु | लेप्चा | ल्होपा | ल्होमी (शिङसावा) |
| वालुङ | व्यासी | शेर्पा | सतार (सन्थाल) | सियार |
| सुनवार | सुरेल हायु | ह्याल्मो | | |

## ३. नेपालको संविधानमा आदिवासी/जनजातिका के कस्ता अधिकारको व्यवस्था रहेको छ ?

आदिवासी/जनजाति अधिकार सम्बन्धमा संवैधानिक व्यवस्था निम्नबमोजिम रहेको छः–

- अन्य नागरिक सरह कानूनको दृष्टिमा समान हुने,
- कानूनको समान संरक्षणबाट बन्चित नगरिने वा अन्य कुनै पनि अधारमा भेदभाव नगरिने,
- संरक्षण सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिने,
- समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक हुने,
- आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्न पाउने हक हुने,
- शोषण विरूद्धको हक हुने,
- स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने,
- आधारभूत शिक्षामा पहुँचको हक हुने,
- राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने,
- रोजगारी र सो छनौट गर्ने हक हुने,
- राज्यबाट आधारभूत स्वास्थ सेवा निःशुल्क प्राप्त गर्ने हक हुने,
- स्वास्थ सेवामा समान पहुँचको हक हुने,
- स्वच्छ खानेपानी तथा सरसफाइकमा पहुँचको हक हुने,
- खाद्य सम्बन्धी हक हुने,
- खाद्य वस्तुको अभावमा जीवन जेखिममा पर्ने अबस्थाबाट सुरक्षित हुने हक हुने,
- कानूनवमोजिम खाद्य सम्प्रभुताको हक हुने,
- उपयुक्त आवासको हक हुने,
- कानून वमोजिम वाहेक स्वामित्वमा रहेको बासस्थानबाट हटाइने वा अतिक्रमण नगरिने,
- लैगिक भेदभाव विना समान वंशीय हक हुने,
- सुरक्षित मातृत्व र प्रजनन् स्वास्थसम्बन्धी हक हुने,
- आफनो पहिचान सहित नामाकरण र जन्म दर्ताको हक हुने,
- परिवार तथा राज्यबाट शिक्षा स्वास्थ पालन पोषण उचित स्याहार खेलकूद मनोरञ्जन तथा सर्वाङगीण व्यक्तित्व विकासको हक हुने,
- प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने,
- कलकारखाना खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन,
- बालविवाह गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन,
- सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सास्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार उपेक्षा वा शारीरिक मानसिक यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने,
- घर विद्यालय वा अन्य जुनसुकै स्थान र अबस्थामा शारीरिक मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन,
- असहाय अनाथ अपागता भएका द्वन्दपीडित विस्थापित एवं जोखिममा रहेका आदिबासी जनजाती बालबालिकालाई राज्यबाट विशेष सरक्षण र सुविधा पाउने हक हुने,
- सामाजिक न्यायको हक अन्तर्गत सामाजिक रूपले पछि परेका आदिबासी जनजातिलाई समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ,
- गुणस्तरीय वस्तु तथा सेवा प्राप्ति गर्ने र गुणस्तरहिन वस्तु वा सेवाबाट पुगेको क्षतिको कानून वमोजिम क्षतिपूर्तिको हक हुने,
- देश निकाला विरूद्धको हक हुने,

## ४. प्रचलित कानूनमा आदिवासी/जनजातिको के कस्ता अधिकारहरूको व्यवस्था गरिएको पाइन्छ ?

- आर्थिक दृष्टिले अत्यन्त पिछडिएका जनजातीहरूको छात्र छात्राहरूलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउनु गाउँपालिका तथा नगरपालिकाको कर्तव्य हुने,
- नेपाल सरकारलाई प्राप्त छात्रबृतिमध्ये विपन्न, महिला, अपाङ्ग जनजातिलाई तोकिएवमोजिम सुरक्षित गरिने,
- संस्थागत विद्यालयले कूल विद्यार्थी संख्याको कम्तिमा ५ प्रतिशत गरीब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने,
- सामुदायिक विद्यालयले गरीबिको रेखामुनी रहेका दलित, जनजाति र महिला लगायतका अन्य विद्यार्थीहरूलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्ने,
- निजामति सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये ४५ (पैतालिस) प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी आदिवासी जनजातिलाई २७ (सत्ताइस) प्रतिशत छुट्याइने,
- बढुवाको लागि उमेदवार हुन चाहिने न्युनतम सेवा अवधि बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको पदमा राजपत्र अनंकित पदको लागि ३ बर्ष र राजपत्रांकित पदको लागि ५ बर्ष सेवा अबधि तोकिएकोमा महिला आदिबासी जनजाति निजामति कर्मचारीले सो तोकिएको सेवा अबधिमा एक बर्ष सेवा अवधि कम भए पनि बढुवाको उमेदवार हुन पाउने,
- बढुवा हुने पदको भन्दा एक श्रेणी मुनिको पदको लागि तोकिएको शैक्षिक योग्यता भए हुने,

**५) आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना किन गरिएको हो ?**

आदिवासी/जनजातिको सामाजिक, आर्थिक तथा साँस्कृतिक विकास र उत्थान गर्न तथा राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गराउँनका लागि आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना भई कार्य गरिरहेको छ ।

**६) आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको मूल उद्देश्य के के रहेका छन् ?**

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका निम्नबमोजिम उद्देश्यहरू रहेका छन्:

- ❖ आदिवासी/जनजातिको विकास र उत्थानसँग सम्बन्धित कार्यक्रम तर्जुमा र कार्यान्वयन गरी सर्वाङगीण विकास गर्न र समतामूलक समाजको निर्माणमा मद्दत पुर्‍याउने,
- ❖ आदिवासी/जनजातिको भाषा, लिपि, सँस्कृति, साहित्य, कला, इतिहास, परम्परागत सीप, प्रविधि र विशिष्ट जानकारीको संरक्षण तथा प्रर्वद्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन सहायता गर्ने,
- ❖ मुलुकको समष्टिगत विकासको मूल प्रवाहमा आदिवासी/जनजातिलाई सहभागी गराउने,

**७) आदिवासी र जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानको के कस्ता काम, कर्तव्य र अधिकार रहेका छन् ?**

- ❖ आदिवासी र जनजातीको भाषा, लिपि, साहित्य, इतिहास, कला, सँस्कृति, परम्परागत सीप तथा प्रविधिको प्रवर्द्धन र संरक्षणको लागि आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने, गराउने,
- ❖ आदिवासी/जनजातिको भाषा, लिपि, साहित्य, इतिहास, कला, परम्परा, सँस्कृतिको अध्ययन, अनुसन्धान र विकास गर्ने, प्रकाशन गर्ने तथा सूचना संकलन गर्ने र अभिलेखालय तथा संग्रहालय स्थापना गर्ने,
- ❖ आदिवासी/जनजातिले परम्परागत रूपमा अभ्यास गर्दै आएको प्रविधि, सीप तथा विशिष्ट जानकारीलाई सम्बन्धित आदिवासी/जनजातिको बौद्धिक सम्पत्तिको रूपमा संरक्षण गर्ने गराउने,
- ❖ कन्तिमा प्राथमिक तहसम्म आदिवासी/जनजातिको मातृभाषामा पढाउने गरी विद्यालय स्थापना गर्ने,
- ❖ आदिवासी जनजाति मध्येका विपन्न र पिछडिएका समूहको आर्थिक तथा सामाजिक स्तर बृद्धि गर्न विशेष कार्यक्रमहरू संचालन गर्ने गराउने,
- ❖ मातृ भाषामा सूचना समाचार कार्यक्रम प्रसारण गर्ने व्यवस्था मिलाउने,

**८) आदिवासी/जनजातिको अधिकार हनन् भएमा के गर्नु पर्दछ ?**

- ❖ आदिवासी जनजातीको हक अधिकार उल्लंघन भएको अवस्थामा रीट निवेदनको माध्यमबाट सर्बोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा अधिकार पुनस्स्थापनाको उपचार खोज्न सकिन्छ,
- ❖ प्रचलित कानूनमा उल्लेखित अन्य अधिकारहरूको उल्लंघन भएको अवस्थामा जिल्ला अदालतबाट उपचार खोज्न सकिन्छ,

**९. आदिवासी/जनजातिले नि:शुल्क कानूनी सहायता कसरी प्राप्त गर्न सक्छन ?**

सरकारवादी भई मुद्दा चल्ने विषय बाहेक अन्य विषयमा पीडितले निम्नानुसार नि:शुल्क कानूनी सेवा प्राप्त गर्न सक्छन्:

- ❖ सम्बन्धित जिल्ला कानूनी सहायता समिति र सम्बन्धित अदालतमा वैतनिक कानून व्यवसायीबाट नि:शुल्क कानूनी सहायता प्राप्त गर्न सकिन्छ।

## सम्पर्क ठेगाना:


**सर्वोच्च अदालत**
**न्यायमा पहुँच आयोग**
**रामशाहपथ, काठमाडौं, नेपाल**

फोन नं. : ०१-४२६२७०२, ०१-४२५०९३८
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np


# आदिवासी/जनजातिको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका




**सर्वोच्च अदालत**
**न्यायमा पहुँच आयोग**
**रामशाहपथ, काठमाडौं**
**२०७४**